**REGIONAL NEWS UNIT**
**ALL INDIA RADIO GANGTOK**
**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40 hrs** **Date: 24.04.2025**

---

***सिक्किम मुख्यमन्त्री अग्निवीर***

सिक्किम सरकारले राज्य पुलिस भर्तीमा अग्निवीर जवानहरूका लागि 20 प्रतिशत आरक्षणको घोषणा गरेकोछ। गान्तोकमा आज आयोजित एक कार्यक्रममा यसको घोषणा गर्दै मुख्यमन्त्री प्रेम सिंह तामाङले राज्य पुलिस बलमा विभिन्न वर्गहरूमा पूर्व सैन्यकर्मीहरूको भर्ती गर्ने बेलामा आफुको सरकारले आयुमा 10 वर्षको छूट दिनेछ, भन्नुभयो। राज्य सरकारले, सेनानिवृत्व सैन्य कर्मीहरूले व्यापार गतिविधिहरू गर्न चाहेको खंडमा उनीहरूलाई दोकानहरूपनि आवंटित गर्नेछ भनि श्री तामाङले घोषणा गर्नुभयो।

---

***राष्ट्रीय पंचायती राज दिवस***

सिक्किम राज्य स्थापनाको 50 वर्ष पूरा भएको वृहत उत्सव अन्तर्गत जिल्ला कन्फ्रेन्स हँल, मंगनमा एउटा कार्यक्रम आयोजित गरि, मंगन जिल्ला पंचायत MDZP ले आज राष्ट्रीय पंचायती राज दिवस मनायो। कार्यक्रमको विषयस्तु 'दीगो विकास तथा स्व- शासन- का लागि पंचायतहरूको सशक्तिकरण' रहेको थियो। जिलला अध्यक्ष, काडो लेप्चा कार्यक्रममा, मुख्य अतिथि हुनुहुन्थ्यो। उहाँले जिल्ला पंचायतका सदस्यहरूलाई बधाई दिनु हुँदै, यो दिवस एउटा उत्सव मात्र न भई, सामुदायिक विकासमा उनेहरूका जारी प्रयासको चिन्हारी गर्ने एक अवसर पनि हो, भन्नुभयो।

यस दिवसको दीगो भावनालाई प्रदर्शित गर्दै बिरूवा रोपण अभियानका साथ कार्यक्रम संपन्नभयो।

राज्यभरिमा, यस्तै प्रकारका अन्य कार्यक्रमहरू पनि आयोजित गरिए जसमा स्थानीय इकाईहरूको सशक्तिकरणमा सिक्किमको जाती यात्रालाई उजागर पार्दै एक समावेशी र प्रगतिशील भविष्यलाई आकार दिनुमा पंचायतहरूले खेलेको आधारभूत भूमिकामा पुन जोढ़ दिइयो।

***सिक्किम- पंतायती राज***

सिक्किममा, पंचायती राजबारे बोल्दै ग्रामीण विकास विभाग अधीन पंचायती राजका सहायक निदेशक, श्री K C दहालले भन्नुभयो।

---

***राज्यपाल मिलिट्री सिविल फ्युजन***

सिक्किमका राज्यपाल श्री ओम प्रकाश माथुरले आज चिन्तन भवनमा आयोजित पहिलो मिलिट्री सिविल वयूजन कन्वर्जेन्स कैसूल 2025 को समापन सत्रमा प्रमुख अतिथिको रूपमा भाग लिनुभयो। सो अवसरमा सिक्किमका मुखयमन्त्री श्री प्रेम सिंह तामाङ विशिष्ट अतिथिको रूपमा उपस्थित हुनुहुन्थ्यो।

आफ्नो संबोधनमा, राज्यपाल माथुरले पहलगाम आतंकी हमलामा ज्यान गुमाउनेहरूलाई श्रद्धान्जली अर्पित गर्दै उनका परिवारहरू प्रति सम्वेदना व्यक्त गर्नुभयो। उहाँले सिक्किममा सेनाको बहुमुखी भूमिकाबारे प्रकाश पार्नुभयो। 2047 सम्म विकसित भारतको दृष्टिकोणलाई साकार गर्नका लागि सेना र नागरिकहरूका संयुक्त प्रयासहरूको श्री माथुरले आहवान गर्नुभयो।

---

***नाम्ची- विशेष ग्राम सभा***

नाम्ची जिल्ला आन्तर्गत सालघारी ग्राम प्रशासनित केन्द्रले राष्ट्रीय पंचायती राज दिवस 2025 को पावन अवसरमा भव्यताका साथ आज विशेष ग्राम सभा पालना गरेकोछ । पंचायत सभापति छिरीङ तामाङले सभाको अध्यक्षता गरेका थिए । सभामा ग्राम पंचायत एकाईका अन्य विशेष प्रस्तावहरूलाई पनि आज पारित गरियो ।

---

***एक राष्ट्र, एक चुनाव***

नयाँ दिल्ली स्थित प्रतिवध्त, डाँ B R Ambedkar International Centre मा हिजो आयोजित 'एक राष्ट्र, एक चुनाव' बारे राष्ट्रीय स्तरको एक महत्वपूर्ण सेमीनारमा सिक्किम राज्यको प्रतिनिधित्व गरि रहेका तीन प्रतिभाशाली विद्यार्थी नेताहरूले सक्रिय सहभागिता जनाएका थिए ।

सेमीनारमा, भारतका प्रत्येक राज्यका विद्यार्थीहरूको उत्साहजनक सहभागिता रहेको थियो, जसले यस महत्वपूर्ण राष्ट्रीय मुद्दाबारे बोद्धिक छलफल र संबद्धताका लागि एउटा जीवन्त मंच प्रदान गरेको थियो ।

कार्यक्रममा केंद्रिय कृषि मन्त्री शिवराज सिंह चौहान र शिक्षा मन्त्री धर्मेन्द्र प्रधानको उपस्थिति रहेको थियो ।

दुवै मंत्रीहरूले भेलालाई सम्बोधित गर्नु हुँदै, एक राष्ट्र, एक चुनाव को अवधारणामा प्रकाश पनि पार्नुभयो।

राष्ट्रको लोकतान्त्रिक प्रक्रिया तथा समद्र विकासका लागि यस अवधारणाका संभावित लाभहरूबारे पनि उहाँहरूले बोल्नुभयो ।

यस राष्ट्रीय मंचमा सिक्किमको प्रतिनिधित्व गर्ने विद्यार्थीहरू थिए ।

सिक्किम विश्वविद्यालयमा Mass Comm विभागका विद्यार्थी गेजिङ निवासी कृष्णा कुमार बाहुन ।

रागजस कँ लेज, दिल्ली विश्वविद्यालयमा विद्यार्थी, गान्तोकका लक्ष्य शौर्य अग्रवाल ।

अहिले पश्चिम बंगालको माल्दामा B.ed का विद्यार्थी, मंगसारी, सोरेङ निवासी- समीर छेत्री ।

यी विद्यार्थी नेताहरूले छलफलमा सक्रिय भाग लिँदै, 'एक राष्ट्र, एक चुनाको' को ढाँचाबारे आफना विचारहरू पोखे ।

---

***SKM- पहलगाम निन्दा***

सिक्किम क्रान्तिकारी मोर्चाले जम्मू कश्मीरको पहलगाममा भएको जध्न्य आतंकी हमलामा ज्यान गुमाउने व्यक्तिहरूका परिवारजनहरूलाई आफ्नो गहिरो सम्वेदना व्यक्त गरेकोछ ।

SKM पार्टी अध्यक्ष तथा सिक्किमका मुख्यमन्त्री श्री प्रेम सिंह कामाङ गोलेले यस आतंकी हमलाको कढ़ा निन्दा गर्दै शोक व्यक्त गर्नुभएकोछ । दुखको यस घड़ीमा, SKM जम्मू कश्मीरका मानिसहरूका साथ अटल अड़ानको कढ़ा समर्थन पनि गर्दछ, उहाँले भन्नुभयो ।

---